# नेपाल कम्युनिस्ट पार्टी
(एकीकृत मार्क्सवादी–लेनिनवादी)
## केन्द्रीय प्रचार विभाग
धुम्बाराही, काठमाडौं


पत्र संख्या .......                                                        २५ फागुन २०७३

# प्रेस विज्ञप्ति

नेकपा (एमाले) केन्द्रीय सचिवालयको आज महासचिव कमरेड ईश्वर पोखरेलको अध्यक्षतामा बसेको बैठकले निम्नानुसार निर्णय गरेको छः

१. सप्तरीको राजविराजमा मधेसी मोर्चाका नाममा अवाञ्छित तत्वहरुद्वारा सिर्जित आपराधिक घटना र त्यसपछि उत्पन्न परिस्थितिको संवेदनशीलतालाई ख्याल गर्दै तीन दिनका लागि स्थगित भएको हाम्रो पार्टीद्वारा सञ्चालित मेची-महाकाली राष्ट्रिय अभियान फागुन २७ गते हेटौंडाबाट पूर्ववत सुचारु हुनेछ। यसअघि निर्धारण भएको कार्यतालिका अनुसार बाँकी सबै कार्यक्रम आयोजना हुने भएकाले त्यसका लागि सक्रियतापूर्वक क्रियाशील हुन, व्यापक जनसहभागिता जुटाउन र मेची-महाकाली यात्रामा आ-आफ्ना सवारी साधनसहित उपस्थित हुन मातहत कमिटी र सदस्यहरुलाई निर्देशन दिइएको छ।

२. राजविराजमा पार्टीले आयोजना गरेको शान्तिपूर्ण कार्यक्रममा गरिएको आततायी हस्तक्षेपका विरुद्धमा कार्यकर्ता पंक्तिलाई स्पष्ट पार्न, आपराधिक घटनाको भण्डाफोर गर्न र घटनाको वास्तविकता जानकारी गराउन भोलि फागुन २६ गते २ बजे रामशाहपथस्थित युगम्बर पार्टी प्यालेस (ट्राफिक कार्यालय पछाडि) मा बृहत् भेला आयोजना गरिएको छ। उक्त भेलामा अनिवार्य सहभागी हुन काठमाडौं उपत्यकास्थित पार्टी सदस्यहरु, मोर्चा संगठनका सदस्यहरु र सम्पर्क कमिटी अन्तर्गतका पार्टी सदस्यहरुलाई निर्देशन दिइएको छ।

३. राजविराज घटना र मेची-महाकाली राष्ट्रिय अभियानका बारेमा जानकारी दिन देशभरका सबै जिल्लाहरुमा जिल्ला आमसभा आयोजना गर्ने निर्णय गरिएको छ। आमसभाको मिति तय गरी कार्यक्रम गर्न जिल्ला कमिटीहरुलाई निर्देशन दिइएको छ।

४. प्रदेश नम्बर २ स्तरीय विस्तारित अगुवा कार्यकर्ता भेला आयोजना गर्ने निर्णय गरिएको छ। साथै, प्रदेश नम्बर २ अन्तर्गतका जिल्लाहरुमा कार्यकर्ता भेलाका साथै जिल्लास्तरीय

सभाहरु आयोजना गरिनेछन् । ती कार्यक्रमहरुको कार्यतालिका प्रदेश नम्बर २ को पार्टी नेतृत्वसँग परामर्श गरी तय गरिनेछ ।

५. मधेसका विभिन्न जिल्लामा नेकपा (एमाले) का पार्टी कार्यालय, नेता-कार्यकर्ता तथा सर्वसाधारणका घरहरु, सार्वजनिक सम्पत्तिमा आगजनी र तोडफोड गरिएको छ, नेकपा (एमाले) का नेता-कार्यकर्तालाई धम्की दिने, कुटपिट गर्ने, कालोमोसो दल्ने, घरबाट विस्थापित गर्ने जस्ता अमानवीय र अराजनीतिक कामहरु भएका छन् । हाम्रो पार्टी त्यस्ता अलोकतान्त्रिक र आपराधिक क्रियाकलापहरु अबिलम्ब रोक्न चेतावनी दिन चाहन्छ । साथै, हाम्रा नेता-कार्यकर्ता र पार्टी कार्यालयहरुको सुरक्षाका लागि आवश्यक व्यवस्था मिलाउन सरकारसँग माग गर्दछ ।



**योगेश भट्टराई**
**प्रमुख**